# आधारभूत तथा माध्यमिक करार शिक्षक नियुक्ति कार्यविधि -२०७४

कार्यपालिकाबाट स्वीकृत मिति :२०७४/९/३०

**आरुघाट गाउँपालिका,आरुघाट,गोरखा**

# आरुघाट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

आरुघाट ,गोरखा

फोन नं.:०६४४१००४४

इमेल:rm.arughat@gmail.com

४ नं. प्रदेश ,नेपाल


पत्र संख्या: ०७४/०७५

च.नं.: मिति : २०७४/०९/३०

**दुई शब्द**

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात् निर्मित संविधान २०७२ अनुसार तीन तहको निर्वाचन सम्पन्न भई देश संविधान कार्यान्वयन गर्ने पक्षमा गइसकेको सर्वविदित छ |संविधानलाई कार्यान्वयन गर्दा सबै तहका सरकारले आ-आफ्ना काम, कर्तव्य र अधिकारलाई व्यबहारमा ल्याउनु वान्छनीय देखिन्छ |सोही अनुसार आरुघाट गाउँपालिकाले संविधान प्रदत्त अधिकार र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा-११ (ज) ले दिएको अधिकार प्रयोग गरी **"आधारभूत तथा माध्यमिक शिक्षक करार नियुक्ति कार्यविधि-२०७४"** तयार पारेको छ | पछि शिक्षा ऐन र नियमावलीमा समावेश गर्ने गरी २०७४/०९/३०गतेको गाउँ कार्यपालिकाको बैठकबाट पास भई गाउँ सभाले अनुमोदन गर्ने गरी कार्यान्वयन गर्न लागेको व्यहोरा अनुरोध गर्दछु | लामो समय पश्चात् स्थानीय तहमा वहाल जनप्रतिनिधि तथा सरोकारवालाहरुले बनाएको नयाँ कार्यविधि पूर्ण त छैन नै | पछि यसभित्र रहेका विविध बुँदाहरुलाई सम्बन्धित पक्षको सल्लाह र सुझावको आधारमा समय ,सन्दर्भ तथा आवश्यकता अनुसार परिमार्जन र संशोधन गरिदै लैजाने प्रतिबध्दताका साथ हाललाई यस कार्यविधि सम्बन्धित सबै पक्षबाट कार्यान्वयन हुनेमा विश्वास प्रकट गर्दछु |

अन्तमा,यस कार्यविधि तयार गर्न सहयोग गर्नुहुने सम्पूर्ण मान्यजन ,सन्दर्भ सामग्री संकलन गरी विशेष भूमिका निर्वाह गर्नु हुने आरुघाट गाउँपालिका सामाजिक विकास समितिका संयोजक तथा वडा नं.१० का वडाध्यक्ष श्री मेन बहादुर अधिकारी र स्रोत व्यक्ति श्री श्याम प्रसाद लामिछानेप्रति आभार प्रकट गर्दछु | साथै कार्यपालिकाका सदस्यज्यूहरु,प्रमुख प्रशासकीय अधिकृत श्री एकदेव खनाल तथा कम्प्युटरमा सहयोग गर्नुहुने श्री नवराज खनाल लगायत सहयोग गर्नुहुने सम्पूर्ण पक्षमा धन्यवाद नदिइ रहन सक्दिन |आरुघाट गाउँपालिकाले तयार पारेको प्रस्तुत **" आधारभूत तथा माध्यमिक करार शिक्षक नियुक्ति कार्यविधि -२०७४"** तुरुन्त लागू हुने विश्वास प्रकट गर्दै "मेरो र हाम्रो होइन राम्रो शिक्षक छनौट गरौँ ,गुणात्मक शिक्षालाई प्रभावकारी बनाऔ " भन्ने तथ्योक्तिमा सबैको ध्यानाकर्षण गर्दै दुई शब्द यही बिट मार्दछु |

नमस्कार !

पूर्ण बहादुर दाहाल<br>
अध्यक्ष<br>
आरुघाट गाउँपालिका<br>
आरुघाट ,गोरखा

## आरुघाट गाउँपालिका

## आधारभूत तथा माध्यमिक करार शिक्षक नियुक्ति सम्बन्धि कार्यबिधि- २०७४

नेपालको संविधान २०७२ को धारा २२६ दिएको अधिकार प्रयोग गरी अनूसूची ८ को क्रमसंख्या ८ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) मा व्यबस्था भए अनुसार सामुदायिक बिद्यालयहरुमा रिक्त रहेको आधारभूत तथा माध्यमिक तहको शिक्षकहरुको करार नियुक्तिका लागि कार्य गर्न **आरुघाट** कार्यपालिकाबाट **आधारभूत तथा माध्यमिक करार शिक्षक नियूक्ति सम्बन्धि कार्यबिधि -२०७४ तयार गरी** जारी गरिएको छ। यो कार्यबिधि गाउँकार्यपालिकाले स्वीकृत गरेको मितिबाट तुरुन्त प्रारम्भ हुनेछ ।

### परिच्छेद : १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम **आधारभूत तथा माध्यमिक करार शिक्षक नियुक्ति सम्बन्धी कार्यबिधि- २०७४** रहेको छ ।

**२. परिभाषा** :

३. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"ऐन"** भन्नाले **आरुघाट गाउँपालिका बाट जारी भएको शिक्षा ऐन** २०७४ सम्झनु पर्छ ।

(ख) **"मन्त्रालय"** भन्नाले नेपाल सरकार शिक्षा मन्त्रालय सम्झनु पर्छ ।

(ग) **"विभाग"** भन्नाले शिक्षा मन्त्रालय अन्तर्गतको शिक्षा विभाग सम्झनु पर्छ ।

(घ) "**गाउँपालिका** "भन्नाले **आरुघाट गाउँपालिका** सम्झनु पर्छ।

(ङ) "**गाउँ शिक्षा अधिकारी**" भन्नाले **गाउँपालिकाको** शिक्षा कार्यालय प्रमुखको रुपमा कार्यरत पदाधिकारी सम्झनु पर्छ ।

(च) "**आधारभूत विद्यालय** " भन्नाले वालकक्षा देखि ८ कक्षा सम्म संचालित विद्यालयलाई सम्झनु पर्छ ।

(छ) "**माध्यमिक विद्यालय** " भन्नाले वालकक्षा देखि १२ कक्षा संचालित विद्यालय संरचनालाई सम्झनु पर्छ ।

(ज) " **विशषेज्ञ** " भन्नाले आधारभूत तह कक्षा १ – ८ र माध्यमिक तह कक्षा ९– १२ सम्म रिक्त पदमा करार शिक्षक नियुक्तिका लागि विव्यसमा सिफारिश गर्न आधारभूत तहको लागि कम्तिमा शिक्षा शास्त्रमा स्नातक र माध्यमिक तहको लागि कम्तिमा शिक्षा शास्त्रमा स्नातकोत्तर तह उतिर्ण गरेको गाउँपालिकाबाट सूचीकृत ब्यत्तिहरू र गाउँपालिका बाट सूचीकृत नहुदा सम्म जिशिकाबाट सूचीकृत व्यक्ति सम्झनु पर्छ ।

(झ) " **परीक्षा केन्द्र**" **आरुघाट** गाउँकार्यपालिका शिक्षा कार्यालय वा आरुघाट गाउँकार्यपालिका शिक्षा कार्यालयले तोकेको परीक्षा केन्द्रहरु सम्झनु पर्छ ।

(ञ) **शिक्षक छनौट** समिति भन्नाले परिच्छेद २ मा व्यवस्था भए अनुसार शिक्षक छनौट समितिलाई सम्झनु पर्छ।

(ट) **" गाउँ शिक्षा कार्यालय"** भन्नाले आरुघाट गाउँकार्यपालिका शिक्षा कार्यालय सम्झनु पर्छ ।

(ठ) **" अनुमति"** भन्नाले **आरुघाट गाउँपालिकाबाट** बिद्यालयलाई करार तथा अस्थायी शिक्षक नियुक्तिका लागि दिइएको अनुमतिलाई सम्झनु पर्छ।

## परिच्छेद – २

### शिक्षक छनौट समिति

४. सामुदायिक विद्ययालमा रिक्त दरबन्दी तथा अनुदान कोटामा करार तथा अस्थायी शिक्षक नियुक्तिका लागि विद्यालय व्यवस्थापन समितिमा सिफारिस गर्न देहाय बमोजिम एक शिक्षक छनौट समिति रहनेछ ।

क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य – अध्यक्ष

ख) सम्बन्धित विद्यालय हेर्ने शिक्षा अधिकारी वा तोकेको अधिकृत वा विद्यालय निरीक्षक – सदस्य

ग) माध्यमिक तहको शिक्षक छनौट गर्नु पर्ने भएमा शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर वा अन्य बिषयमा स्नातकोत्तर तह उतिर्ण माध्यमिक शिक्षक को लागि आबश्यक तालिम प्राप्त गरेका र अन्य तहको शिक्षक छनौट गर्नु पर्ने भएमा शिक्षा शास्त्र विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको व्यक्तिहरु मध्येबाट उपलब्ध भएसम्म १ (एक) जना महिला समेतको प्रतिनिधित्व हुने गरी गाउँपालिकाबाट सूचिकृत भएको विज्ञ मध्येबाट विद्यालय ब्यबस्थापन समितिले गाउँकार्यपालिका शिक्षा समितिको परामर्श तथा समन्वयमा मनोनित गरेको २ जना विषय विज्ञ -सदस्य

घ) स्रोतव्यक्ति -सदस्य

ङ)) प्रधानाध्यापक -सदस्य सचिव

५. शिक्षक छनौट समितिको सचिवालय सम्बन्धित बिद्यालयमा रहने छ ।

६. विद्यालयले सूचीकृत बिज्ञहरु मनोनयन गर्दा सम्बन्धित विद्यालयको शिक्षकलाई विज्ञको रुपमा मनोनयन गर्न पाइने छैन ।

७ गाउँपालिकाबाट स्वीकृत गरिएको यस निर्देशिकालाई शिक्षक छनौट समितिले पूर्णरुपमा पालना गर्नु पर्दछ।

## परिच्छेद – ३

## परीक्षा , अन्तरवार्ता तथा सिफारिस प्रकिया

८. परिच्छेद २ बमोजिम शिक्षक छनौट समितिको व्यवस्था गर्ने क्रममा दफा ६ मा भएको प्रयोजनको लागि गाउँ पालिकाबाट बाट सूचिकृत विषय विशेषज्ञ हुनुपर्नेछ ।

९. शिक्षक पदपूर्तिका लागि रिक्त पदमा विज्ञापन प्रकाशन गर्नका लागि गाउँपालिकाबाट अनुमति लिनु पर्दछ ।

१०. शिक्षक नियुक्ति गर्दा प्रचलित शिक्षा नियमावली अनुसार स्थायी अध्यापन अनुमति पत्र लिएको व्यक्तिहरु मध्येबाट छनौट गर्नु पर्नेछ । साथै सो का लागि सम्बन्धीत तहको नै स्थायी अध्यापन अनुमति पत्र अनिवार्य रुपमा लिएको हुनु पर्नेछ । तर माथिल्लो तहको अध्यापन अनुमति पत्र लिएकोले तल्लो तहको अध्यापन अनुमति पत्र लिइरहन पर्दैन ।

११. महिला तथा अपांग कोटा भनि उल्लेख गरिएको दरबन्दी वा शिक्षक अनुदान कोटामा महिला तथा अपांग मात्र प्रतिस्पर्धा हुने गरी विज्ञापन प्रकाशन गर्नु पर्नेछ र सो अनुसार नियुक्ति प्रक्रिया अगाडी बढाउनु पर्नेछ ।

१२. विद्यालय जुनसुकै कारणबाट पद रिक्त भई शिक्षक नियुक्ति गर्नु पर्दा शिक्षा ऐन तथा नियमावलीमा तोकिएअनुसार योग्यता पुगेको मध्येबाट नियुक्ति गर्नु पर्नेछ । साथै आधारभत तहको प्राथमिक शिक्षक बिज्ञापन गर्दा उक्त बिद्यालयमा महिला शिक्षक नभएको खण्डमा अनिवार्य रुपमा महिला शिक्षक नै नियुक्ति गर्ने गरि बिज्ञापन गर्नु पर्नेछ ।

१३. शिक्षकको नियुक्तका लागि शैक्षिक योग्यता शिक्षा ऐन तथा नियमावलिमा ब्यवस्था भए अनुसार हुनेछ ।

१४. शिक्षक छनौट गर्दा शिाक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रक अनुसार अनिवार्य रुपमा लिखित तथा मौखिक परिक्षा लिनु पर्नेछ । उक्त लिखित तथा मौखिक परिक्षाको पूर्णाङ्क क्रमशः १०० र २५ हुनु पर्नेछ । साथै सो परिक्षामा उत्तीर्ण हुन क्रमशः ३५ र १० अङ्क प्राप्त गर्नु पर्नेछ । अन्तर्वाताको लागि बढीमा ७०% र कम्तीमा ३५% भन्दा कम अङ्क प्रदान गर्न पाईने छैन । यदि उल्लेखित अङ्क भन्दा घटी बढी गर्नु परेमा सो को स्पष्ट कारण खुलाउनु पर्नेछ । उजूरी परेमा सम्पूर्ण कागजात झिकाउनु पर्ने हुँदा लिखित परिक्षाका उत्तर पुस्तिकाहरु कम्तीमा ३ महिनासम्म सुरक्षित राख्नु पर्नेछ ।

१५. आधारभुत तहको निम्नमाध्यमिक तथा माध्यमिक तहको शिक्षक नियुक्तिको लागि विज्ञापन गर्दा विषगत रिक्तताका आधारमा गर्नु पर्ने र दरबन्दि मिलान गरि बिज्ञापन गर्नुपर्ने भएमा गाउँपालिकामा रहेको गाउँ शिक्षा समितिको निर्णय अनुसार हुनेछ ।

१६. मा.वि/ आधाभूत तहका निमावि शिक्षक नियुक्तिका लागि छनौट समितिमा विषयगत विशेषज्ञको व्यवस्था अनिवार्य रुपमा गर्नु पर्नेछ ।

१७. विद्यालयमा रिक्त कुनै पनि प्रकारको शिक्षक पदको नियुक्तिको लागि शिक्षक सेवा आयोग नियमावली २०५७ (शंसोधन सहित) अनुसार योग्यता पुगेका व्यक्ति मात्र उम्मेदवार हुन सक्नेछ । उम्मेदवारको उमेर गणना गर्दा दरखास्त दिने अन्तिम मितिलाई आधार बनाई गणना गर्नु पर्नेछ ।

१८. विज्ञापन गरिएको शिक्षक पदको लागि प्रतिस्पर्धामा भाग लिने उम्मेदवारले शिक्षा नियमावली अनुसारको कागजात निवेदन साथ पेश गर्नु पर्नेछ । प्रकाशित विज्ञापन उपर दरखास्त दिने उम्मेदवारको सक्कल दरखास्त दिंदाका बखत नै छानविन गरेर मात्र लिनु पर्नेछ । पछि छानविन गर्दा नककली ठहरिएमा सम्बन्धित व्यक्तिका अतिरिक्त छनौट समिति समेत कारवाहीको भागीदार हुने छ । अन्तरबार्तामा भाग लिन आउदा उमेदवारले अनिवार्य रुपमा सक्कल प्रमाण पत्र तथा कागजात लिई आउनुपर्ने छ।

१९. छनौट समितिले सिफारिस गरेको व्यक्तिहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिले मुख्य उम्मेदवार र बैकल्पिक उम्मेदवारको समेत नामावली प्रकाशन गर्नु पर्नेछ ।

२०. शिक्षक छनौट समिति ले नियुक्तिको लागि सिफारिस गरेको उमेदवारलाई बिब्यसले अन्तिम नामावलि प्रकासन गरेका ७ दिन भित्र ६ महिनाको लागि अस्थायि करार नियुक्ति दिनु पर्दछ । ७ दिन भित्र नियुक्ति लिन नआएमा बैकल्पिक उमेदवारलाई ६ महिनाको लागि अस्थायि करार नियुक्ति दिनु पर्नेछ ।

२१. शिक्षक नियुक्ति सम्बन्धी सम्पूर्ण प्रकृया ३५ दिन भित्र सम्पन्न गरी सक्नु पर्नेछ । उक्त अवधिभित्र सम्पन्न हुन नसकेमा पहिला लिएको अनुमति स्वतः रद्द हुनेछ ।

२२. नियुक्ति अभिलेख जनाउनका लागि फायल पेश गर्दा शिक्षक नियुक्तिसँग सम्बन्धित कागजात र निर्णय प्रतिलिपि तथा विज्ञापन टाँस गरेको मुचुल्काको सक्कल पत्र, शैक्षिक योग्यताको प्रमाण पत्रहरु, नारिकताको प्रमाण पत्र, अध्यापन अनुमति पत्रको प्रतिलिपि र यस कार्यालयले शिक्षक राख्न दिएको अनुमति पत्रको प्रतिलिपिको साथै तोकिएमो बमोजिम शुल्क तिरेको रसिद/भौचर गाउँ शिक्षा समितिको कार्यालयमा पेश गर्नु पर्नेछ ।

२३. विज्ञपन गर्दा कम्तिमा स्थानीय पत्रिका अनिवार्य रुपमा प्रकाशित गर्नु पर्नेछ ।

२४. उपरोक्त बमोजिम आवश्यक प्रकृया पुरा नभई पेश हुन आएको उक्त फायल यस कार्यालय को अभिलेखमा जनाईने छैन ।

२५. शिक्षक सेवा आयोगको करार योग्यता सूचिमा उल्लेख भए बमोजिमका उम्मेदवारहरु मध्ये माथिल्ले योग्यता सूचिमा पर्ने उम्मेदवारले विज्ञापन हुदा निवेदन पेश गरेमा सूचि र उम्मेदवारको विवरण भिडाई नियुक्ति सम्बन्धि व्यवस्था मिलाउनु पर्नेछ ।

२६. विद्यालयले शिक्षक नियुक्ति गरी रेकर्ड जनाउन ल्याउदा प्रति शिक्षक आधारभुत तहको लागि रु १००० र माध्यमिक तहको लागि रु १५०० गाउँकार्यपालिका शिक्षा कार्यालयमा बुझाउनु पर्नेछ ।

२७. शिक्षक नियुक्तिका लागि गाउँपालिकाबाट अनुमति लिई बिज्ञापन गर्दा कम्तिमा १५ दिनको समय दिनु पर्ने र बिज्ञापन सम्बन्धि सूचना गाउँपालिका , स्रोतकेन्द्र , सम्बन्धित वडा कार्यालय तथा बिद्यालयमा टाँस गरि मुचुल्का खडा गरी राख्नु पर्नेछ । साथै यस्तो सूचना स्थानिय पत्रपत्रिका वा एफएमा दिनुपर्नेछ ।

२८. करार शिक्षक नियुक्ति भई विद्यालयमा हाजिर भएको जानकारी यथाशिघ्र गाउँकार्यपालिका शिक्षा कार्यालयमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद ४

### विषय विज्ञको व्यवस्था

२९. शिक्षक नियुक्तिका लागि गाउँपालकिाले निम्न प्रकृया पुरा गरी विषय विज्ञ सूचीकृत गर्ने छ ।

२९.१ विषय विज्ञ सूचिकृतका लागि गाउँपालिकाले १५ दिनको समयावधि दिएर तपसिल अनुसार योग्यता भएका स्थायी शिक्षकहरुबाट निवेदन माग गरि योग्य व्यक्तिहरुलाई विषय विज्ञको रुपमा सूचिकृत गरिने छ।

क. आधारभुत तहको शिक्षक छनौटका लागि विज्ञमा सूचिकृत हुनका लागि निम्न अनुसार योग्यता पुगेको हुनु पर्नेछ :–

अ). आधारभुत तह अन्तरगत कम्तिमा निमावि तहमा स्थायि नियुक्ति ३ वर्ष भै स्थायी सेवा गरेको शिक्षक ,

आ). शिक्षा विषयमा स्नातक तह उतिर्ण भएको वा अन्य विषयमा स्नातक गरी तालिम प्राप्त शिक्षक ,

इ.) कम्तिमा निमावि तहको स्थायि अध्यापन अनुमति पत्र प्राप्त गरेको ,

ई ). कक्षा ६–८ को निमावि तह शिक्षक नियुक्तिका लागि विज्ञमा सूचिकृत हुनका लागि विषयगत शिक्षक

ख. माध्यमिक तहको शिक्षक छनौटका लागि विज्ञमा सूचिकृत हुनका लागि निम्न अनुसार योग्यता पुगेको हुन पर्ने छ :–

अ. माध्यमिक तह अन्तरगत कम्तिमा मावि तहमा स्थायि नियुक्ति भै ३ वर्ष स्थायी सेवा गरेको विषयगत शिक्षक ,

आ. शिक्षा विषयमा स्नातकोत्तर तह उतिर्ण भएको वा अन्य विषयमा स्नातकोत्तर तह उतिर्ण गरि माध्यमिक तहको शिक्षक हुनका लागि तालिम प्राप्त शिक्षक ,

इ. कम्तिमा मावि तहको स्थायि अध्यापन अनुमति पत्र प्राप्त गरेको ,

३० विषय विज्ञमा हुन चाहने शिक्षकले गाउँकार्यपालिका शिक्षा कार्यालयमा आवेदन गर्दा रु १००० को आवेदन दस्तुर सहित तपसिल अनुसार कागज पत्रको प्रतिलिपि अनिवार्यरुपमा गाउँकार्यपालिका शिक्षा कार्यालयमा पेश गर्नु पर्ने छ ।

क) नेपाली नागरिकताको प्रमाण पत्र
ख) सबै शैक्षिक योग्यताको प्रमाण पत्र
ग) स्थायी नियुक्त पत्र
घ) अध्यापन अनुमति पत्र
ङ) अनुभव सम्बन्धि प्रमाण पत्रहरु
च) बैयक्तिक बिबरण

३१. बिद्यालयहरुले शिक्षक नियुक्ति गर्न विज्ञ छनौट गर्दा गाउँपालिकाबाट सूचिकृत मध्यबाट गर्नु पर्ने छ । गाउँपालिकाबाट बिज्ञ सूचिकृत नहुदा सम्म जि.शि.का .बाट सूचिकृत भएको विज्ञबाट लिन सकिने छ ।

३२. विषय विज्ञको रुपमा सूचिकृत भएका बिषय बिज्ञको अभिलेख गाउँकार्यपालिका शिक्षा कार्यालयमा राखिनेछ ।

३३. विषय विज्ञको पदावधि २ वर्षको हुनेछ ।

पुनश्च : विषय विज्ञमा सूचिकृत हुनका लागि यस गाउँपालिका भन्दा बाहिरबाट पनि यस गाउँकार्यपालिका शिक्षा कार्यालयमा आवेदन दिन पाइने छ ।

<u>**परिच्छेद ५**</u>

बिबिध

३४. बिषय बिज्ञ तथा छनौट समितिको सुवधा निम्न अनुसार हुनेछ ।

क. आधारभुत तह रु २५०० र समान तह बिषयका शिक्षक एकै दिन एउटै प्रश्नपत्रबाट परीक्षा संचालन गरि एक भन्दा बढि शिक्षक छनौट गर्नु पर्ने भएमा प्रति थप रु १०००

ख माध्यमिक तह रु ३००० र समान तह बिषयका शिक्षक एकै दिन एउटै प्रश्नपत्र बाट परीक्षा संचालन गरि एक भन्दा बढि शिक्षक छनौट गर्नु पर्ने भएमा प्रति थप रु १५००

३५. यस कार्यविधि अनुसार कार्य सम्पादन गर्न कुनै द्धिविधा भएमा वा बाधा उत्पन्न भएमा गाउँ शिक्षा समितिले निर्णय गरे अनुसार हुनेछ ।

३६. यस कार्यविधिमा उल्लेख नभएका बिषयका हकमा शिक्षा ऐन , शिक्षा नियमावलि , शिक्षक सेवा आयोगको नियमावलिमा ब्यवस्था भए अनुसार हुनेछ ।

३७. यस कार्यविधिमा उल्लेख भएका कुनै पनि प्राबधान ऐन कानुन संधिान संग बाझिएमा बाझिएको हद सम्म स्वतः खारेज हुनेछ ।